मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकाश निर्देशनालय

नक्टाझिज, धनुषा, नेपाल

## साझेदारीमा सोलार पम्प सिंचाई प्रणाली स्थापनाको लागि मान्यता प्राप्त फर्म/कम्पनी सुचीकरण तथा मूल्य निर्धारण सम्बन्धि विस्तृत सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०४/२६

यस निर्देशनालयको आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा सोलार पम्प सिचाई प्रणाली स्थापनाको लागि "निजी, सार्वजनिक, सहकारीको साझेदारीमा सोलार पम्प अनुदान कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७७" र "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम मधेश प्रदेशमा सोलार पम्प सिचाई प्रणालीका लागि आवश्यक यन्त्र उपकरण र सामग्रीहरु आपुर्ती र जडान गर्न ईच्छुक योग्य फर्म/कम्पनीहरुले २०७९ भाद्र १५ गते कार्यालय समय भित्र सम्म यस निर्देशनालयमा आईपुग्ने गरी आवश्यक कागजात सहित प्राविधिक प्रस्ताव र प्रति इकाई न्यूनतम बिक्री मूल्य छुटाछुटै खामबन्दी गरी एकमुष्ठ शिलबन्दि पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । बैकल्पिक ऊर्जा प्रर्वद्धन केन्द्रले सौर्य उर्जा सिंचाईं प्रणालीको लागि तोकेको अधिकतम मुल्य भन्दा बढी मुल्यलाई सूचीकृत गरिने छैन। लाभग्राहीले खरीद गरेको मुल्यमा अधिकतम ८५ प्रतिशत सम्म अनुदान दिईनेछ। रित पुगेका र म्याद भित्र प्राप्त भएका, प्राविधिक स्पेशिफिकेशन र आपुर्तीका शर्त पूरा गरेका प्रस्तावहरु मात्र सूचीकृत गरिनेछ । यस संग सम्बन्धित स्वीकृत प्राविधिक स्पेशिफिकेशन र प्रस्ताव फारम यस कार्यालयवाट वा यस निर्देशनालयको वेभसाईट **add.p2.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

<u>सोलार पम्प सिचाई प्रणालीका लागि आवश्यक यन्त्र उपकरण र सामग्रीहरु आपुर्ती र जडान सम्बन्धि शर्त/मापदण्डहरु:</u>

- आपूर्ती गर्न चाहेको यन्त्र उपकरणको प्राविधिक स्पेशिफिकेशन र क्षमता अनुसारको प्रति इकई न्यूनतम बिक्री उल्लेख गर्नु पर्नेछ।
- एक आपूर्तीकर्ताले आफु आधिकारिक एजेन्ट (Authorized Agent) भएको कुनै एक उत्पादक कम्पनीको मात्र सोलार पम्प र कन्ट्रोलर आपूर्ती गर्ने प्रस्ताव गर्नु पर्नेछ। एक भन्दा बढी कम्पनीको प्रस्ताव पेश गरेमा सो प्रस्ताव रद्द गरीनेछ।
- सोलार डि. सी. पम्प र कन्ट्रोलर एउटै कम्पनीको हुनुपर्ने छ ।
- सोलार डि. सी. पम्प संग प्रयोग हुने कन्ट्रोलर उत्पादक देशवाट ICE / CE Certified भएको हुनुपर्नेछ ।
- अनुदानग्राहीवाट माग भई आए बमोजिमको क्षमाताको सोलर पम्प समेत आपुर्ती गर्नुपर्नेछ ।
- मधेश प्रदेशमा आपुर्ती गर्न सक्ने क्रियाशील अवस्थामा रहेको शो रुम र सर्भिस सेन्टर भएको हुनु पर्नेछ।
- आपूर्तीकर्ताले करोवार गर्न सक्ने क्षमता र आपूर्ती गर्न चाहेको यन्त्र उपकरण र सामग्रीको परिमाणको स्वधोषणा गर्नु पर्ने छ ।
- प्रस्ताव साथ संलग्न सम्पुर्ण कागजातहरु स्वः प्रमाणित गरी पेश गर्नुपर्नेछ । सहि छाप नगरी पेश भएको प्रस्तावलाई सुचिकरण प्रक्रियामा समावेश गरिने छैन ।
- **आवश्यक कागजातहरु (देहाय वामोजिमको क्रम मिलाई पेश गर्ने) :**

१. रू.१०/- को हुलाक टिकट टाँस गरेको पुर्ण रुपले भरेको प्रस्ताव फारम।

२. पछि फिर्ता नहुने गरी तपशिलमा उल्लेख भए वमोजिमको खातामा रु. १०००/- नगद जम्मा गरेको सक्कल राजश्व भौचर (दोश्रो प्रति) ।

| | |
|---|---|
| बैंकको नामः | राष्ट्रिय वाणिज्य बैंक,धनुषा |
| कार्यालयको नामः | कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषा |
| कार्यालय कोड नः | ३१२०११७०१२ |
| राजश्व शिर्षक नः | १४२२९ |
| राजश्व खाता नः | १०००२०००१०००० |

३. संस्था दर्ता तथा नविकरण गरेको प्रमाण पत्र, स्थाई लेखा नं. (प्यान/मूल्य अ. कर), कर चुक्ता प्रमाण पत्र ।

४. सोलार सिंचाई सम्बन्धि उपकरण उत्पादक कम्पनीको आधिकारिक एजेन्ट (Authorized Agent) भएको प्रमाण पत्रको प्रतिलिपि ।

५. डि. सी. पम्प र कन्ट्रोलरमा कम्तिमा २ (दुई) वर्षको Free Cost of Replacement Guarantee भएको उत्पादक कम्पनीको पत्रको प्रतिलिपि ।

६. आपूर्तीकर्ताले कारोवार गर्न चाहेको यन्त्र उपकरण र सामग्रीको स्वधोषित परिमाणको कुल रकमको न्यूनतम ५(पाँच) प्रतिशत रकम बरावरको एक बर्ष म्याद भएको वाणिज्य बैंकवाट जारी भएको बैंक ग्यारेन्टीको सक्कल प्रमाण पत्र ।

यस कार्यालयले कुनै थप आवश्यक कागजात माँग गरेमा आपुर्तीकर्ताले सो कागजात उपलब्ध गराउनु पर्नेछ। सौर्य सिंचाई सम्बन्धि उपकरणहरुको प्राविधिक स्पेशिफिकेशन, परिमाण, गुणस्तर, आपुर्ती र जडानको समय र बिधी, अनुदानग्राही छनौट, भुक्तानी प्रकृया निर्धारण तथा कुनै पनि किसिमको द्विवधा/विवाद समधानको सम्पुर्ण अधिकार निर्देशनालयमा निहित हुनेछ। थप जानकारीको लागि यस निर्देशनालयमा मो.नं. ९८५४०२२३७९/९८१२८७२३५१ मा सम्पर्क गर्न हुन अनुरोध छ। अन्य विषय प्रचलित कानून वमोजिम हुनेछ।

.........................

डा. रत्न कुमार झा

निमित्त प्रमुख

डा.रत्न कुमार झा

निमित्त प्रमुख